CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #३९

१५ ।३ ।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## प्रक्षेपित तथ्यांकको आधारमा आईसोलेशन व्यवस्थापनका लागि प्रदेश सरकारलाई रकम निकासा




जम्मा

३८ करोड

माथिको रकम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रदेशगत संक्रमणको प्रक्षेपणको तथ्यांकको आधार र आवश्यकता अनुसार आईसोलेशन सेन्टर निर्माण, मर्मत तथा सुधार गरी सञ्चालन व्यवस्थापन गर्न प्रदेश सरकार मार्फत विभिन्न ८४ वटा पालिकालाई छुट्याईएको हो । कुन पालिकामा कति रकम निकासा भयो ? पूर्ण विवरण हेर्न तलको लिंकमा जानुहोस् ।

स्रोत: https://www.opmcm.gov.np/

## नेपाल अपडेट



महोत्तरीको समसीमा गाउँपालिकामा रहेको क्वारेन्टाईन

तस्बिर: राकेश प्रसाद चौधरी

### परिक्षण

पिसिआर परिक्षण: २,२३,६३०

पोजेटिभ: १३,२४८

उपचाररत: १०,०८५

मृत्यु : २९






Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



सूदुरपश्चिम प्रदेशमा स्वास्थ्य स्वयंसेवकको अभावमा कोभिड - १९ को प्रतिकार्यमा कठिनाई भईरहेको छ भनिन्छ नि ।

सामाजिक विकास मन्त्रालय, सूदुरपश्चिम प्रदेशबाट कोभिड - १९ को प्रतिकार्यका लागि स्वयंसेवकका रुपमा ७ जना स्टाफ नर्स, ४० जना अनमी, २५ जना अहेव र ५ जना ल्यब असिस्टेन्ट परिचालन गरेको थियो । जनगुनासो र आवश्यकतालाई मध्यनजर गरी स्वास्थ्य निर्देशनालयबाट थप ३० जना स्टाफ नर्स छनौट गरी परिचालन गरिसकिएको छ।

स्रोत: https://drive.google.com/drive/folders/1GSpFcDX6yNj9yJdyY0svnRdYNdrPUQX0



विभिन्न आश्रय स्थलमा बसेका व्यक्तिहरुको कोरोना महामारीको समयमा उचित हेरचाह तथा व्यवस्थापन हुन सकेको छैन भनिन्छ । यो विषयलाई कसले हेर्छ ?

हाल आश्रय स्थलमा कार्य भए नभएको सम्बन्धमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४, कार्यान्वयनका लागि गठित समिति तथा राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा, २०७० अन्तरगत गठित विषयगत संरक्षण समितिले हेर्ने गर्दछ । यसै गरी, गर्भवती, सुत्केरी महिला र अन्य महिला, बालबालिका तथा ज्येष्ठ नागरिकहरुको सम्बन्धमा नियमित रुपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग, मानव अधिकार आयोग र सम्बन्धित प्रदेशका सामाजिक विकास मन्त्रालय तथा सम्बन्धित स्थानीय तहले समेत अनुगमन गर्न सक्दछ।

स्रोत: https://mofaga.gov.np/uploads/notices/Notices-20200628124632562.pdf



उपत्यका बाहिर जाने पासको लागि फेरी सरकारले अर्कै निर्णय गऱ्यो रे । पास लिन के गर्नुपर्छ ?

सवारी पासका लागि जिल्ला प्रशासन कार्यालय काठमाण्डौले नयाँ निवेदनको ढाँचा सार्वजनिक गरेको छ । त्यसको लागि व्यक्तिको नाम, थर, लिंग, उमेर, स्थायी ठेगाना, संपर्क नं., जाने जिल्ला, पालिका, वडा, टोल, जाने मिति, सवारी नं., सवारीको किसिम, सवारी धनिको नाम, सवारी चालकको नाम उल्लेख गरेर निवेदनको साथमा जानुपर्ने स्थानीय तहको सिफारिस वा यात्रा प्रयोजन खुल्ने कागजातको फोटोकपी समेत संलग्न गर्नुपर्दछ ।

स्रोत: http://daokathmandu.moha.gov.np/post/vehicle-pass-application



अब लकडाउन खुकुलो हुँदै जाँदासवारी दुर्घटना पनि बढ्ने सम्भावना छ । सरकारले यसको केही तयारी गरेको छ ?

लकडाउन खुकुलो पश्चात हुने जोखिम न्यूनिकरण गर्न नेपाल प्रहरीले कार्ययोजनना तयार गरेको छ । जस अनुसार टाईमकार्ड सिस्टम लागु गर्ने । सवारीको गति निर्धारण गरी मापन गर्न स्पीडो मिटर प्रयोगमा ल्याउने । सडक संरचनाको स्तरमा उन्नती गर्ने । सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने र ट्राफिक नियम उल्लंघन गर्नेलाई कारवाही गर्ने गरी नेपाल प्रहरीले तयारी गरेको छ ।

स्रोत: https://nepalpolice.gov.np/images/documents/general_documents/lockdown-crime-control-2077-03-02.pdf

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**

को बारेमा बुझ्न निःशुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| १,८२,४९३ संक्रमित | ४५,५२४ संक्रमित | २५,७०५ संक्रमित | ९५,१०६ संक्रमित | ४७,७९७ संक्रमित | ३९,०६० संक्रमित | ८,६३७ संक्रमित | १२,७५७ |
| १,६५० नेपाली संक्रमित | ७५० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | १८,००० नेपाली संक्रमित | १,६०० नेपाली संक्रमित | | ८९ नेपाली संक्रमित | |
| ९ मृत्यु भएका नेपाली | ३ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | ७ मृत्यु भएका नेपाली | १९ मृत्यु भएका नेपाली | | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

## विदेशबाट फर्किंदै हुनुहुन्छ? जानिराख्नुहोस् यि ५ कुराहरु

यू.ए.ई.ले पनि १९ मे २०२० नाम दर्ता गरेका सबैको नाम एकमुष्ठ रुपमा सार्वजनिक गरेको छ । सूचीलाई www.bit.ly/embassynamelist1 मा गएर हेर्न सकिन्छ ।

अहिलेको अवस्थामा विदेशबाट नेपाल फर्किंदै गर्दा ध्यान दिनैपर्ने महत्वपूर्ण कुराहरु



१. एयरलाईन्सले तोकेको भन्दा अलिकति पनि बढी तौलको सामान नबोक्ने ।



२. उडान हुनु भन्दा पहिले आफ्नो स्वास्थ्यमा विशेष ध्यान दिनुहोस् । जस्तैः धेरै चिसो खाने कुरा नखाने, स्वस्थकर खाना खाने, पर्याप्त निन्द्रा पुग्ने गरी सुत्ने, मदिराजन्य पदार्थ नपिउने ।

३. यात्राको क्रममा खाना नपाईन सक्छ । बिस्कुट लगायत नपकाई खान मिल्ने वस्तु ह्याण्डब्यागमा बोक्दा राम्रो हुन्छ र सकिन्छ भने सानो च्यादर बोक्दा उपयुक्त हुन्छ ।





४. नेपाल पुगिसकेपछि स्थानीय क्वारेनटाईनमा बस्ने वा होटेलमा बस्ने पहिल्यै योजना बनाउनुहोस् । होटेलमा बस्दा धेरै खर्च हुन्छ, त्यसमा पनि ध्यान दिनुहोस् ।

५. बिरामी र गर्भवती जस्ता विशेष अवस्थाका व्यक्तिहरुले होम क्वारेन्टाईनमा बस्नुपर्ने भएमा सम्बन्धित वडा अध्यक्षलाई सम्पर्क र समन्वय गरी आफ्नो अवस्था, घरको परिस्थिती र तपाईं कतिको सचेत हुनुहुन्छ भनेर बताउन सक्नु भयो भने उहाँहरुको सिफारिसमा आफ्नै घरमा पनि जान सकिन्छ ।



accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## संघिय सरकार

**जम्मा**

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्ब ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्ब २६ करोड**

**दाता**

ए.डि.बि.
करिब ३० अर्ब ३३ करोड

विश्व बैंक
करिब ३ करोड ४८ लाख

आई.एम.एफ.
करिब १५ अर्ब ८८ करोड

युरोपियन युनियन
करिब ९ अर्ब ९४ करोड

**खर्च**

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

**करिब ४ अर्ब १० करोड**

रक्षा मन्त्रालय मार्फत कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

**२ अर्ब ३४ करोड** निकासा

## प्रदेश सरकार

| प्रदेश | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | प्रदेश ५ | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| जम्मा रकम | करिब २९.४ करोड | करिब २६.६ करोड | करिब ४२.९ करोड | करिब १८.३ करोड | करिब १५.६ करोड | करिब २५.४ करोड | करिब ४२.५ करोड |
| खर्च गरिएको रकम | करिब १९.३ करोड | करिब १३.३ करोड | करिब १३.६ करोड | करिब १५.४ करोड | करिब ७.७९ करोड | करिब २३.९ करोड | करिब ३६.४ करोड |

## छुट्टा छुट्टै प्रदेशमा उचाररत आईसोलेशनमा रहेका केस र क्वारेन्टाईनको औसत क्षमता



# $ फलो द मनी - खर्चको अर्थ

## छुट्टा छुट्टै प्रदेशमा भएको आईसोलेशन सेवाको लागि भएको खर्चको प्रतिशत




अहिले क्वारेन्टाईनमा बस्ने व्यक्तिको संख्यामा तिव्र गिरावट आएको छ, तर उपचाररत आईसोलेशनमा रहने व्यक्तिको संख्या बढ्दै गईरहेको छ । आईसोलेशन सेवामा खर्च बढाउँदा स्वास्थ्य आपतकालिन प्रतिकार्यको क्षमता बृद्धि गर्दछ । आईसोलेशनमा सुविधा अभिबृद्धी गर्न र त्यहाँ भर्ना भएका बिरामीको उपचारमा थुप्रै रकम आवश्यक पर्दछ । त्यसको लागि प्रदेशगत जम्मा खर्च र आईसोलेशन सेवाकालागि गरिएको खर्चको विश्लेषण गर्न मनासिव देखिएको छ ।

माथिको ग्राफबाट प्रदेश नं. २ र कर्णाली प्रदेशले कोभिड - १९ मा गरेको जम्मा खर्चको ठुलो हिस्सा आईसोलेशन सेवामा खर्च गरेको देखिन्छ । त्यो भनेको क्रमश: ७७% र ६८% हो । यसले यि दुबै प्रदेशमा आईसोलेशन सेवामा सुधार हुँदै गएको देखाउँछ । यद्यपी, अन्य प्रदेशहरू, विशेष गरी प्रदेश नं. १, प्रदेश नं. ५ र सुदुरपश्चिम प्रदेशको अवस्था चिन्ताजनक छ । उनिहरुको कुल खर्चको तुलनामा आईसोलेशनमा गरेको खर्चको प्रतिशत न्यून छ । यसले ति प्रदेशमा राहत वितरण, क्वारेन्टाईन निर्माण तथा व्यवस्थापन र उपकरण खरिदमा बढी खर्च भएको देखिन्छ । प्रदेश नं. ५ को अवस्था अति नै चिन्ताजनक छ, किन भने यस प्रदेशमा आईसोलेशनमा उपचाररतको संख्या ठुलो छ र क्वारेन्टाईनको पनि ६६% क्षमता प्रयोगमा छ । माथिको ग्राफले सूदुरपश्चिम प्रदेशले पनि यस्तै समस्याको सामना गर्नुपर्ने छ भन्ने देखाउँछ । जहाँ क्वारेन्टाईन र आईसोलेशनमा खर्च गर्दा परिस्थितिको माग अनुसार गर्नुपर्ने देखिन्छ । नेपाल सरकारको प्रक्षेपण अनुसार, संक्रमितको संख्या ४०,००० भन्दा बढी पुग्न सक्छ । त्यसैले आईसोलेशन सेवालाई स्रोत सम्पन्न बनाउन जरुरी छ । तुलनात्मक अध्ययन गर्नको लागि गण्डकी प्रदेशको तथ्यांक उपलब्ध छैन ।

नोट: हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

# प्रभावकारी कोरोना प्रतिकार्यमा स्थानीय तहको भूमिका

कोरोना व्यवस्थापनमा सरकार कत्तिको सफल या असफल भयो भन्नेकुरा, स्थानिय सरकारले कत्तिको प्रभावकारी रुपमा काम गर्‍यो र गर्न पायो भन्ने कुरामा निर्भर छ । वास्तवमै भन्ने हो भने, ७५३ वटै स्थानीय तहको औचित्य अहि( लेको कोरोना महामारीले पुष्टि गरिदिएको छ । तर समग्रमा, सरकारका तिन वटै तहको समन्वयकारी भूमिका अझै महत्वपूर्ण रहन्छ ।

## स्थानीय सरकारका चुनौति



१. स्थानीय सरकारको प्रदेश र संघिय सरकारसंग समन्वय र तालमेलको अभाव - समन्वय गर्नुपर्ने तहहरु (संघमा CCMC, प्रदेशमा PCCMC, जिल्लामा DCCMC र स्थानीय तहमा LCCMC) धेरै छन्।

२. आईसोलेशनको क्षमता प्रयाप्त नहुँदा संक्रमितलाई क्वारेन्टाईनमै राख्नुपर्ने बाध्यता छ ।

३. पिसिआर परीक्षणको दायरा बढाउन नसक्दा संक्रमणको जोखिम न्युनिकरण गर्न कठिनाई छ ।

४. संघिय सरकारले गरेका निर्णय कार्यान्वयन गर्ने जनशक्तिको अभाव छ ।

५. सिमानाबाट प्रवेश गर्नेहरुको तथ्यांक र पूर्व तयारी नहुँदा तत्काल पूर्वाधार व्यवस्थापनमा कठिनाई छ ।

६. परीक्षण गरिनुपर्ने सम्भावित संक्रमितहरु परीक्षण गर्न नआइईदिने र क्वारेन्टाईनबाट भागिदिने समस्या छ ।

७. लैंगिक अल्प संख्यक, महिला, बालबालिका, बृद्धबृद्धाका लागि विशेष व्यवस्था गर्न स्रोत तथा जनशक्तिको कमी छ ।

## सिकाई



१. संकटमा व्यवस्थापन एक्लै गर्न सकिदैन, सबैसंगको सहकार्य र सहयोग आवश्यक छ ।

२. खर्च पारदर्शि भयो भने, सहयोग जुटाउन सहज हुने रहेछ ।

३. अचानक आईपर्ने विपदका लागि सधै तयारी अवस्थामा बस्नुपर्ने रहेछ ।

४. निरन्तर सम्पर्कमा हुँदा जनतालाई सरकारको अनुभुति हुने रहेछ ।

५. निर्णय कार्यान्वयन गर्ने जनशक्ति निर्माणमा पनि स्थानीय सरकारले उत्तिकै ध्यान दिनुपर्ने रहेछ ।

६. संकटमा मानसिक आघातको समस्या बढेर जाने कुरालाई मध्यनजर गरेर प्रतिकार्यको एउटा महत्वपूर्ण पक्ष मनोसामाजिक परामर्षलाई पनि प्राथमिकतामा राख्नु पर्ने रहेछ ।

## अब के गर्ने ?

१. संघिय-प्रदेश-स्थानीय सरकार बिच दोहोरा संवाद बढाउने, गुनाशो लिने तथा दिने र संघिय सरकारले स्थानीय र प्रदेश सरकारसंगको समन्वयमा आवश्यकता पहिचान गरी नीति निर्माण गर्ने र सोको कार्यान्वयन् गर्न स्रोत पनि उपलब्ध गाउने ।

२. स्थानीय तहका आउँदो आर्थिक वर्षका हरेका कार्यक्रममा कोभिड रेस्पोन्सिभ रणनीति, बजेट, योजना र कार्यक्रम बनाउन मन्त्रालयले सहजिकरण गर्ने ।

३. सचेतना संगै पिसिआर परीक्षणको दायरा बढाउने ।

४. विदेशबाट फर्किएका, देशमै रोजगारी गुमाएका र कोरोनाबाट प्रभावितका परिवारको तथ्यांक अधावधिक गर्ने, उचित व्यवस्थापन, पुनर्स्थापन गरी आयआर्जनसंग जोड्ने - स्थानीय स्तरमा ट्रेनिङ हब सञ्चालन गर्ने, व्यवसायिक करमा छुट दिने ।

५. आमदानी खर्चको शिर्षकगत विवरणसंगै राहत पाउने हरेकको नाम सार्वजनिक गर्ने र साथसाथै, जनप्रतिनिधिले के काम गरिरहेकाछन् भन्ने जानकारी पनि जनतालाई गराउने ।

६. लैंगिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति तथा गर्भवती/महिलाहरुका लागि छुट्टै क्वारेन्टाईन तथा आईसोलेशनको व्यवस्था गर्ने ।

७. कोरोना उपचार तथा व्यवस्थापनमा प्रत्यक्ष खटिएका स्वास्थ्यकर्मी र अन्य कर्मचारीको क्षमता बृद्धी गर्ने, प्रोत्साहन गर्ने र मनोपरामर्षको व्यवस्था गर्ने ।

सही सूचना

# कोभिड- १९ को परीक्षण गर्नमै समय लाग्छ की परीक्षणको नतिजा आउन ढिलो भईरहेको छ ?

## कोभिड- १९ को संक्रमणबाट मृत्यु भएकाहरुको, मृत्यु हुनु अगाडी र मृत्यु पश्चात प्राप्त भएको परीक्षणको नजिजा




नेपालमा कोभिड- १९ को परीक्षणको नतिजा ढिलो गरेर आईरहेको छ । माथिको ग्राफले प्राय संक्रमितको मृत्यु भए पश्चात मात्र परीक्षणको नतिजा आएको देखाउँछ । संकलन गरिएका नमुना परीक्षणको लागि लामो समय पर्खिनु पर्ने अवस्था छ । यसले गर्दा नमुनाहरु थपिएको थपियै छ । जबकी औसत दैनिक परीक्षणको संख्यामा कुनै सुधार भएको छैन । पोजेटिभ केसको सन्दर्भमा, मृत्यु पश्चात परीक्षणको नतिजा आउने दुई वटा प्रमुख कारण हुन सक्छन् : १) संभावित संक्रमितको उपचारमा संलग्न स्वास्थ्यकर्मीमा संक्रमण सर्ने डर हुनु र २) सम्भावित संक्रमितको मृत्यु पश्चात मात्र परीक्षण सुरु भईरहेको छ वा सम्भावित संक्रमित गम्भिर अवस्थामा पुगेपछि मात्र नमुना संकलन भईरहेको छ । यो पनि देख्न सकिन्छ की, गम्भिर अवस्थाका बिरामीको उपचार असम्भव जस्तै छ । यदि बिरामी गम्भिर अवस्थामा पुग्नु भन्दा पहिले नै संक्रमणको पहिचान गर्न सकिएमा उपचार सम्भव हुनसक्थ्यो ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि मे महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगाको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs